# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

**भद्रकाली प्लाजा, काठमाडौं**

**चामल खरिद सम्बन्धी सम्झौता गर्न आउने बारे सूचना**

**प्रकाशित मिति २०८०/०२/२९**

यस कम्पनीबाट आर्थिक वर्ष २०७९/०८० मा चामल खरिदका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरी मिति २०८०/०१/१७ गते दोस्रो पटक सूचना प्रकाशित गरिएकोमा तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना मिति २०८०/०२/२० गते प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र दावि विरोधको निवेदन नपरेको हुँदा उक्त बोलपत्रहरु स्वीकृत गरी सम्बन्धित बोलपत्रदातासँग सूचना प्रकाशित भएको मिति देखि १५(पन्ध्र) दिन भित्र चामल खरिद/बिक्रि सम्बन्धि सम्झौता गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा ३ र ४ बमोजिम नियमानुसारको कार्यसम्पादन जमानत लिई वा नगद धरौटी दाखिला गरी प्रधान कार्यालय,खरिद बिभाग (एकाई)मा उपस्थित भई चामल खरिद/बिक्री सम्बन्धि सम्झौता गर्नु हुन सम्बन्धित बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।तोकिएको म्याद भित्र सम्झौता नगरेमा प्रचलित ऐन, नियम बमोजिम कारवाही हुने साथै **चामल बुझाउने कार्यालय,चामलको किसिम, परिमाण, स्वीकृत भएका बोलपत्रदाताहरुको नाम/ ठेगाना र न्यूनतम कबोल दर** आदि बारे विस्तृत जानकारी मिति २०८०/०२/२० गते यस कम्पनिको **Website:www.fmtc.org.np** मा तथा यस कम्पनीको कार्यालयहरुको सूचना पाटिमा टाँस गरिएको व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**खरिद बिभाग (एकाई), प्रधान कार्यालय,काठमाडौं,फोन नं.०१-४२५५८६५, website:www.fmtc.org.np**